**युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन तथा नमुना विकास कार्यक्रम कार्यान्वयन कार्याढाँचा, २०७८**

स्वीकृत मिति २०७८/०५ /२७

**१.प्रस्तावना**

युवामा नवीनतम ज्ञान, सिप र क्षमताको विकास गरी आविष्कारक, उद्यमी र व्यवसायी बनाउने उद्देश्यले केन्द्रमा तहमा युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन तथा नमुना विकास गर्न र ईन्क्युवेशन सेन्टरको कामकारबाहीलाई व्यवस्थित गर्न आवश्यक भएकाले, आ.व. २०७८/७९ को युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन तथा नमुना विकास सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन गर्न राष्ट्रिय युवा परिषद्ले यो कार्यढाँचा निर्धारण गरेको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यक्रम कार्यान्वयन प्रक्रियाको नाम "युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन तथा नमुना विकास कार्यक्रम कार्यान्वयन कार्यढाँचा, २०७८ रहेको छ ।

(२) यो कार्यक्रम कार्यान्वयन कार्याढाँचा परिषद्का कार्यकारी उपाध्यक्षले स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**३.परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्य प्रक्रियामा-

(१) " **युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर** " भन्नाले नवीनतम ज्ञान र सोच भएका र उद्यम तथा व्यवसाय गर्न इच्छुक युवालाई उनीहरूको रुचि र नवप्रवर्तनका आधारमा आवश्यक सिपको विकास गरी उद्यमी बन्नका लागि निश्चित समयावधिमा प्रदान गरिने मेन्टोरीङ सहितको व्यवस्था भएको व्यावसायिक प्रशिक्षण केन्द्र सम्झनु पर्छ ।

(२) "नवप्रवर्तन" भन्नाले दफा ५ बमोजिमका क्षेत्रमा युवाले गर्ने नवीनतम सोच विचार खोज , अनुसन्धान, अन्वेषण तथा आविष्कार सम्झनु पर्छ ।

(३) "प्रतिष्ठान र निकाय" भन्नाले यस कार्यक्रम कार्यान्वयन प्रक्रिया बमोजिम सहकार्य गरिने प्राविधिक वा व्यावसायिक शिक्षासहितको उच्च शिक्षा प्रदायक शैक्षिक संस्था वा राष्ट्रिय स्तरका आविष्कार केन्द्र वा विज्ञान तथा प्रविधिको विकास र उन्नयनमा क्रियाशील प्रतिष्ठान/निकाय समेतलाई सम्झनु पर्छ ।

(४) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(५) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् र परिषद्को कार्यालय समेतलाई सम्झनु पर्छ ।

(६) "सहकार्य" भन्नाले राष्ट्रिय युवा परिषद्सँग केन्द्रिय तहमा युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन तथा नमुना विकासका लागि प्रतिष्ठान वा निकायसँग गरिने साझेदारी सम्झनु पर्छ।

(७) "युवा" भन्नाले प्रतिष्ठान वा निकायमा नवप्रवर्तन वा ईन्क्युवेशन प्रक्रियामा सहभागी हुन आउने १६ देखि ४० वर्ष उमेर समूहका नेपाली नागरिकलाई जनाउँछ।

**४. <u>युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन तथा नमुना विकास कार्यक्रमका उद्देश्य</u>ः**

सेन्टरका देहायबमोजिमका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उद्देश्य हुनेछन् -

(१) राष्ट्रिय प्राथमिकतालाई ध्यान दिँदै दीगो बिकासका लक्ष्यहरूको पासिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका विद्यमान र सम्भावित चुनौतिको पहिचान गर्ने ।

(२) चुनौति सामना तथा समाधान गर्नका लागि देहायका काम सहितकाआधारमा व्यवहारिक तथा उपलब्धिमूलक अनुसन्धान गर्ने।

(क) क्रियात्मक अनुसन्धान Human centric designed thinking workshop

(ख) प्रोटोटाइप तथा नमुना विकास

(ग) परम्परागत प्रविधि र अभ्यासलाई आधुनिकीकरण तथा वैज्ञानिकीकरण

(घ) बौद्धिक सम्पत्ति अधिकार सहितको लाइसेन्सको व्यवस्था

(३) अनुसन्धानबाट प्रतिपादित ज्ञान, सोचर प्रविधिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गर्ने ।

(४) अनुसन्धानबाट उत्पादित नवीन ज्ञान, सोच र प्रविधिलाई व्यावसायिक ईन्क्युवेशन मार्फतव्या वसायिक उद्योगमा परिणत गर्ने ।

(५) स्थापित उद्योगलाई प्रोत्साहन गर्ने ।

(६) अनुसन्धानात्मक तथा उद्यमशील सोचको विकास गर्ने ।

**<u>५.युथ इन्क्युवेशन सेन्टरको विषयगत कार्य क्षेत्र</u>ः** युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टरका युवा नवप्रवर्तन सम्बन्धी विषयगत कार्य क्षेत्र देहायबमोजिम हुनेछन्:

(क) सूचना तथा सञ्चाकर प्रविधि

(ख) यातायातका साधनको आधुनिकीकरण तथा विकाससँग सम्बन्धित प्रविधि

(ग) नवीनतम कृषि तथा पशुविज्ञानः बालीविज्ञान , पशुविज्ञान , फलफूल उत्पादनसँग सम्बन्धित नवीनतम कार्य, बगैंचा तथा उद्यान विकास तथा सजावट

(घ) ललितकलाका सामग्रीः स्थानीय स्तरमा प्राप्त हुने सामग्रीबाट बनाइने कलात्मक सामग्रीको उत्पादन तथा अन्य कलाकारिता

(ङ) शैक्षिक सामग्रीका रूपमा प्रयोग हुने नविनतम सामग्रीको विकास तथा उत्पादन

(च) फोटोग्राफी, भिडीयोग्राफी, अडीयोग्राफी विकासको नवीनतम प्रविधि निर्माण र प्रयोग

(छ) स्वास्थ्य विज्ञानका प्रयोगशाला र औषधी तथा उपचार सामग्रीको उत्पादन

(ज) उर्जाः जल, वायु, ईन्धन, सौर्य, ग्यास आदिबाट उर्जाको उत्पादन

(झ) खाद्य प्रविधि

(ञ) पर्यटनको प्रवर्द्धनका लागि आवश्यक वस्तु तथा सेवाको विकास

(ट) उद्योग प्रवर्द्धनका लागि प्रविधिको विकास

(ठ) खेलकुद, वाद्यवादन र मनोरञ्जसनसँग सम्बन्धित सामग्री तथा सेवाको विकास

(ड) पोशाक उत्पादनसँग सम्बन्धित

(ढ) दैनिक प्रयोगमा आउने औजार उत्पादन

(६) अनुसन्धानात्मक तथा उद्यमशील सोचको विकास गर्ने ।

**<u>६. युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चाशलन प्रक्रिया</u>ः**

(१) केन्द्रीय तहमा एउटा युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चाेलन गरी नमुना विकास गरिने छ र सातै वटा प्रदेशमा स्थापना गर्दै लगिनेछ ।

(२) केन्द्रीय तहमा स्थापना र सञ्चालन गरिने सेन्टरको प्रमुख साझेदार राष्ट्रिय युवा परिषद् , काठमाडौं विश्वविद्यालय (आइडियो स्टुडियो) र काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका हुनेछन। प्रमुख साझेदारको भूमिका सम्झौतामा तोकिए वमोजिम हुनेछ ।

(३) केन्द्र प्रदेश र स्थानीय तहमा गरिने युवा नवप्रवर्तन सम्बन्धी कामहरु सम्बन्धित तहका " युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर" मार्फत हुनेछन् ।

(४) केन्द्र प्रदेश र स्थानीय तहमा स्थापना भई सञ्चालन भएका र स्थापना हुने ईनोभेसन तथा ईन्क्युवेशन सेन्टरहरु संरचनागत कार्यगत र प्रकृयागत समन्वय सहकार्य र साझेदारीमा सञ्चालन हुन सक्नेछन् ।

(५) साझेदार संस्थाहरु मध्ये परिषद्ले युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन तथा नमुना विकासका लागि र केन्द्रको उद्देश्य प्राप्तिका लागि गरिने कामबाट कुनै तोकिएको कार्यक्रम सञ्चा लनका लागि तोकिएको सर्तका आधारमा रकम उपलव्ध गराउन समेत सक्नेछ ।

(छ) प्राविधिक कार्यसम्पादन गर्नको लागि साझेदार संस्थाहरु मध्ये कुनै एक निकायलाइ परिषद्ले सचिवालय तोक्न सक्नेछ। सचिवालय सञ्चालन समितिमा साझेदार प्रतिनिधि हरु रहनेछन्। समितिको बैठक आवश्यकतानुसार बस्नेछ। समितिले आफ्ना कामकारवाहीलाई सम्पादन र व्यवस्थित गर्न आवश्यकतानुसार कानुनविद् र अन्य विषयका विज्ञको सेवा प्राप्त गर्न सक्नेछ ।यसरी सेवा लिइएबापत निजहरुलाई भुक्तानी गरिने पारिश्रमिक समिति स्वयंद्वारा तोकिएबमोजिम हुनेछ ।

## ७.युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन तथा नमुना विकास अन्तर्गत गरिने क्रियाकलापहरु

(१) युवा नवप्रवर्तन केन्द्र तथा इन्क्युवेसन सेन्टर सञ्चानलन तथा नमुना विकासको मोडेल स्थापना गरी सञ्चालन गराउने र युवालाई उक्त सेन्टर मार्फत आवश्यक ज्ञान , सिप र प्राविधिक सहयोग गरी उद्यम मार्फत स्वरोजगार बनाउन सहयोग गर्ने उधेश्यले आ.व. २०७८/०७९ मा विनियोजित बजेटबाट कार्भे जिल्ला नमोबुद्ध नगरपालिका आरुचौरमा राष्ट्रिय नवप्रवर्तन केन्द्र तथा इन्क्युवेसन सेन्टर सञ्चा लन तथा नमुना विकासको मोडेल साझेदार संस्थाहरुको सहकार्यमा स्थापना गरी सञ्चालन गरिनेछ।

(२) केन्द्रिय तहमा स्थापना हुने युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालनका लागि राष्ट्रिय युवा परिषद्ले तोकेको जग्गामा DPR (detail project design) बनाउन प्रतिस्प्रर्धाका आधारमा प्रस्ताव आह्वान गरी संस्था छनौट गरिनेछ ।छनौट भएको संस्थाले पाँच वर्षे DPR (detail project design) र सो कार्यान्वयनको कार्ययोजनाको विस्तृत खाका पेश गर्नु पर्ने छ । साझेदार संस्थाबाट प्रस्ताव पेश हुन आएमा विशेष प्राथमिकता दिइनेछ ।

(३) यस अन्तर्गत गरिने मुख्य मुख्य क्रियाकलापहरु देहाय बमोजिम हुनेछन् ।

(क) स्थानिय पूर्वाधार विकास तथा भौतिक संरचनाको मर्मत सम्भार र फर्निचर ब्यवस्थापन

(ख) गुरुयोजनाको अभिमुखीकरण तथा सरोकारवालाहरुको क्षमता विकास केन्द्र प्रदेश तथा स्थानीय स्तरमा आवश्यकतानुसार

(ग) Innovation का कार्यक्रमहरु सञ्चालन साझेदार सस्थाहरुसंग समन्वय साझेदारी र समन्वयमा आवश्यकतानुसार

(घ) नविन सोच तथा विचारहरु संकलनको लागि सार्वजनिक रुपमा प्रस्ताव आह्वानबाट प्राप्त नविन सोच तथा विचारहरुलाई छनौट गरी ईन्क्युवेशन सञ्चालन

(ङ) सार्वजनिकरुपमा प्रस्ताव आह्वानबाट प्राप्त नविन सोच तथा विचारहरुलाई छनौट गरी ईन्क्युवेशन सञ्चालन

(च) स्थलगत अध्ययन अनुगमन मुल्याकन तथा प्रतिवेदन

**<u>८. नविन सोच विचारहरुको प्रस्ताव आह्वान गर्नेः</u>** (१) परिषद्ले युवा नवप्रवर्तन तथा ईन्क्युवेशन केन्द्र सञ्चा लन र नमूना विकासका लागि सातै प्रदेशका युवाबाट नवीनतम ज्ञान र सोच भएका र उद्यम तथा व्यवसाय गर्न इच्छुक युवाबाट नविन सोच तथा आइडिया छनौटका लागि प्रस्ताव पेश गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ३० दिनको म्याद दिइ सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गरेको सूचना राष्ट्रिय युवा परिषद् र साझेदार निकायहरुको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव साथ पेश गर्नुपर्ने विवरण तथा कागजात र प्रस्तावको ढाँचा अनुसूची १ मा तोकेबमोजिम हुने छ ।

(४) प्रस्तावहरूको मूल्याङ्कजन अनुसूची २ मा उल्लेख भएबमोजिमका मापदण्डका आधारमा नविन विचारहरु छनोट गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम छनोट भएको व्यहोरा सम्बन्धित युवालाई जानकारी दिई सो को सूचना राष्ट्रिय युवा परिषद्को वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्ने छ ।

**<u>९. आवेदकहरुको योग्यता</u>**

(क) प्रस्ताव पेश गर्ने युवाको उमेर १६ देखि ४० वर्ष उमेर समूह भित्रका नेपाली नागरिक भएको।

(ख) नैतिक पतन देखिने कुनै फौ जदारी अभियोगमा अदालतवाट सजाय नपाएको वा पाएको भए सजाय भुक्तान गरेको तीन वर्ष व्यतित भएको।

(ग) सरकारी चल अचल सम्पतिको दुरूपयोग नगरेको ।

(घ) कम्तीमा आधारभूत तहको (कक्षा ८ उर्तीण गरेका) शिक्षा हाँसिल गरेको।

(ङ) मानसिक सन्तुलन नगुमाएको ।

**आवेदकका अन्य शर्तहरु**

- एक समूहमा २ देखि ५ जना सदस्य हुन सक्नेछन् ।
- कार्यढाँचाले तोकेको विषयवस्तुसंग मिल्ने एक नविन विचार वा नविन स्टार्टअप/व्यवसाय हुनुपर्दछ ।
- आवेदकले ईन्क्युबेशनको आवश्यकता भएको कुरा प्रस्तुत गर्न सक्नुपर्दछ ।

**१०. इन्क्युवेशन तथा इनोभेसन कार्यक्रम समन्वय तथा सहजीकरण समिति**(१) युवा इन्क्युवेशन तथा इनोभेसन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि कार्यढाँचा निर्धारण तथा सरोकारवाला निकायहरुसंग समन्वय तथा सहजीकरणको लागि देहाय बमोजिमको समन्वय तथा सहजीकरण समिति रहनेछ ।

राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुख - संयोजक

युवा तथा खेलकुद मन्त्रालयका उपसचिव प्रतिनिधि - सदस्य

नमोबुद्ध नगरपालिकाको प्रतिनिधि - सदस्य

आइडिया स्टुडियोका अध्यक्ष वा प्रतिनिधि - सदस्य

नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्रतिनिधि - सदस्य

युवा विकास तथा उद्यम प्रवर्धन शाखा प्रमुख - सदस्य सचिव

(२) दफा ५ बमोजिम प्रकाशित सूचना अनुसार युवाहरुले पेश गरेका नविन सोच विचारहरुको प्रस्ताव मूल्याकन गरी छनौट गर्न आवश्यकतानुसार छनौट समिति तथा उपसमितिहरु गठन गरी इन्क्युवेशन तथा इनोभेसन सम्बन्धी काम गराउन सक्नेछ ।

(३) आवश्यकता अनुसार नविन सोच तथा विचारको विषय क्षेत्र अनुसार विशेषज्ञ तथा अधिकृत १ जना र सहायक कर्मचारी १ जनालाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ र आवश्यकतानुसार मापदण्डहरु तर्जुमा समेत गर्न सक्नेछ ।

**११.युवालाई ईन्क्युवेशन सेवा प्रदान गरिने** (१) दफा ८ बमोजिम युवाले पेश गरेको नवीनतम ज्ञान र सोच भएका र उद्यम तथा व्यवसाय गर्न इच्छुक युवालाई उनीहरूको रुचि र नवप्रवर्तनका आधारमा आवश्यक सिपको विकास गरी उद्यमी बन्नका लागि निश्चित समयावधिसम्म मेन्टोरीङ सहितको ईन्क्युवेशन सेवा प्रदान गरिने छ ।ईन्क्युवेशनको अवधि १२ देखि १८ महिनाको हुनेछ ।प्रत्येक

प्रदेशबाट बढिमा ५ वटा नविन सोच तथा विचारहरु छनौट गरी युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टरमा पठाइनेछ ।

**<u>१२.अनुगमन गर्नेः</u>**(१) साझेदार संस्थाहरुको सहकार्यमा सञ्चालित युवा नवप्रवर्तन तथा ईन्क्युवेशन सेन्टर सञ्चालन सम्बन्धी कार्य नियमित रूपमा सञ्चांलन भए नभएको सम्बन्धमा राष्ट्रिय युवा परिषद्ले समय समयमा अनुगमन गर्न वा गराउन सक्ने छ ।अन्य स्थानमा स्थापना भइ सञ्चालन भएका तथा सञ्चालन हुने इन्क्युवेशन सेन्टरहरुको संयुक्त रुपमा स्थलगत निरीक्षण गरी प्रचार प्रसार समेत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले अनुगमन गर्दा सो कार्यमा सहयोग गर्नु सम्बन्धित निकाय वा प्रतिष्ठानको कर्तव्य हुने छ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा गराउँदा यस कार्यढाँचाको विपरीत हुने गरी कुनै काम गरे गराएको पाइएमा परिषद्ले निश्चित समयावधि तोकी त्यस्तो कार्यमा सुधार गर्न सम्बन्धित निकाय वा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिनसक्ने छ ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना नगरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने छ ।

**१३. <u>सहयोग गर्नुपर्नेः</u>** यस कार्यढाँचा बमोजिम यस कार्यक्रममा आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्नु सम्बन्धित सरोकारवाला सबैको कर्तव्य हुने छ ।

**१४. <u>व्याख्या गर्ने अधिकारः</u>** यस कार्यढाँचामा भएको कुनै व्यवस्था अस्पष्ट भई व्याख्या गर्नुपर्ने भएमा परिषद्ले सो को अन्तिम व्याख्या गर्ने छ ।

१५. **<u>कार्यढाँचा संशोधन गर्न सक्नेः</u>** आवश्यकता अनुसार कार्यकारी उपाध्यक्षबाट कार्यढाँचा संशोधन गर्न सकिनेछ ।

१६. **<u>बाधा अड्काउ फुकाउने</u>** : यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी उपाध्यक्षबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

# अनुसूची १

## नविन सोच विचारहरु संकलनका लागि प्रस्ताव पेश गर्ने आवेदन फाराम

कृपया तल दिइएको फाराम भरी तोकेको मिति र समय भित्र सम्बन्धित निकायमा बुझाउनुहोला ।

**Section 1: About the Applicant (आवेदकको बारेमा)**

**1. First Name (पहिलो नाम )**

| |
|---|
| |

**2. Middle Name ( बीचको नाम )**

| |
|---|
| |

**3. Last Name ( थर )**

| |
|---|
| |

**4. Permanent Address ( स्थायी ठेगाना )**

| |
|---|
| **Province Number ( प्रदेश नम्बर ) :** |
| **District ( जिल्ला ) :** |
| **Zone ( अन्चल ):** |
| **Ward Number ( वडा नम्बर ) :** |

| |
|---|
| **Street Address ( बसोबासको ठेगाना ):** |

**5. Temporary Address ( अस्थायी ठेगाना )**

| |
|---|
| **Province Number ( प्रदेश नम्बर ):** |
| **District ( जिल्ला ):** |
| **Zone ( अन्चल ):** |
| **Ward Number ( वडा नम्बर ):** |
| **Street Address( बसोबासको ठेगाना ) :** |

**5. Mobile Number ( मोबाईल नम्बर ):**

**6. Alternative Contact Number ( वैकल्पिक सम्पर्क नम्बर )**

**4. Email Address ( ईमेल ठेगाना )**

**6. Date of Birth(B.S.) ( जन्म मिति, विक्रम सम्बतमा )**

**7. Guardian Name ( अभिभावकको नाम )**

**8. Relationship with Guardian ( अविभावक संगको सम्बन्ध )**

**9. Phone Number of Guardian ( अविभावकको सम्पर्क नम्बर )**

**13. Education Level ( अध्यानरत तह )**

- **Below Class 10 (कक्षा १० मुनी )**
- **Class 10 (कक्षा १० सम्म )**
- **+2 ( १२ सम्म )**
- **Undergraduate ( स्नातक )**
- **Graduate ( स्नातकोत्तर )**
- **Phd ( विद्यावारिधि )**

**Section 2: About Your Business Idea ( तपाईको व्यवसायिक सोचको बारेमा )**

**1.Describe your Business Idea in 150 words. ( आफ्नो व्यवसायिक सोचलाई १५० शब्दमा बर्णन गर्नुहोस् )**

**2. Which stage is your Business Idea at? ( तपाईको व्यवसायिक सोच कुन चरणमा छ ? )**

- It's just an idea ( एउटा सोच मात्रै )
- I have my layout, design, and plan ready and looking for assistance to implement them ( म संग लेआउट, डिजाइन र योजना तयार छ र म यसलाई लागु गर्न मद्दतको खोजीमा छु )
- It's already a running business and I am looking to scale up ( यो विद्यमान व्यवसाय हो र म यसलाई बिस्तार गर्न खोज्दै छु |

**3. Specify your Business Idea Name ( तपाईको व्यवासायीक आईडियाको नाम खुलाउनुहोस्)**

**4. Is your Business Idea Product-Based or Service-Based? ( तपाइको व्यवसायिक आइडिया उत्पादन वा सेवामा आधारित छ ? )**

- Product-Based ( उत्पादनमा आधारित )
- Service-Based ( सेवामा आधारित )

**5. In 150 words, define the product/service your business will deliver. ( तपाइको व्यवसायले प्रदान गर्ने उत्पादन / सेवाका बारे १५० शब्दमा वर्णन गर्नुहोस् )**

**6. In less than 150 Words, explain what problem your business idea will solve. ( तपाइको व्यवसायिक आईडियाले के समस्याको समाधान गर्छ ? १५० भन्दा कम शब्दमा वर्णन गर्नुहोस् | )**

7. **What other businesses/solutions are currently available in the market. ( अन्य कुन व्यवसाय वा समाधान बजारमा उपलब्ध छन् )**

**8. Do you have a core team? ( तपाइको व्यवसायिक टिम छ ? )**

- **Yes ( छ )**
- **No ( छैन )**

**If yes, please fill out your team members details ( यदि छ भने, कृपया टिमका सदस्यहरुको विवरण भर्नुहोस् )**

| **Team Member 1 ( टिम सदस्य १ )** | |
|---|---|
| **Full Name ( पुरा नाम )** | |
| **Email Address ( ईमेल ठेगाना )** | |

| | |
|---|---|
| **Contact Number**<br><br>**( सम्पर्क नम्बर )** | |
| **Address ( ठेगाना )** | |

| **Team Member 2 ( टिम सदस्य २ )** | |
|---|---|
| **Full Name ( पुरा नाम )** | |
| **Email Address( ईमेल ठेगाना )** | |
| **Contact Number**<br><br>**( सम्पर्क नम्बर )** | |
| **Address ( ठेगाना )** | |

**9. What industry your business related to? (तपाईको व्यवसाय कुन उद्योगसँग सम्बन्धित छ ?)**

- Tourism(पर्यटन)
- Agriculture (कृषि)
- Transportation (ढुवानी)
- Technology (प्रविधि)
- Social Enterprise (सामाजिक उद्यम)
- Services (सेवा)
- Health Care (स्वास्थ्य सेवा)
- Green Enterprise (हरित उद्यम)
- Other (अन्य)

**10. How did you hear about this “Innovative Idea Hunt” ? ( तपाईले यो नवप्रवर्तनात्मक विचार प्रतियोगिताको बारेमा कसरि थाहा पाउनु भयो ? )**

- **Facebook ( फेसबुक)**
- **Instagram ( इन्स्टाग्राम )**
- **Email ( ईमेल )**
- **Friends ( साथीहरु )**
- **Family ( परिवार )**
- **पालिकाको सूचना**
- **Others, Specify ( अन्य भए प्रस्टसंग खुलाउनु होला )**

## अनुसूची २

## युवा नवप्रर्वतनात्मक विचार मूल्याङ्कन फाराम

| क्र. सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नवप्रवर्तनात्मक विचार प्रस्तुतीकरण र यसको श्रृजनात्मकता (२०) | विचारको सैद्धान्तिक एवम् ब्यवहारिक पक्ष (१०) | विचारको उपादेयता, सान्दर्भिकता (सामाजिक/प्राविधिक/वातावरणीय/ आर्थिक) र विश्वसनिय | बिचारबाट उत्पादन हुने वस्तु तथा सेवा (२०) | लगानी र प्रतिफल (१०) | जोखिम लिने क्षमता (१०) | स्वरोजगार /रोजगारी सृजनाको सम्भाव्यता (१०) | जम्मा (१००) |

| | | | | ता (२०) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |

............................

मूल्याङ्कनकर्ताको दस्तखत

नाम :- ................................

कोड :- क/ख/ग

## अनुसूची ३

## युवा नवप्रर्वतनात्मक विचार समष्टिगत मूल्याङ्कन फाराम

| क्र. सं. | प्रतियोगीको नाम, थर | प्राप्ताङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नवप्रवर्तनात्मक विचार प्रस्तुतीकरण र यसको श्रृजनात्मकता (२०) | विचारको सैद्धान्तिक एवम् व्यवहारिक पक्ष (१०) | विचारको उपादेयता सान्दर्भिकता र विश्वसनियता (२०) | बिचारबाट उत्पादन हुने वस्तु तथा सेवा (२०) | लगानी र प्रतिफल (१०) | जोखिम लिने क्षमता (१०) | स्वरोजगार /रोजगारी सृजनाको सम्भाव्यता (१०) | जम्मा (१००) |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |

............................ ............................ ............................

मूल्याङ्कनकर्ताको दस्तखत मूल्याङ्कनकर्ताको दस्तखत मूल्याङ्कनकर्ताको दस्तखत

नाम :- ............................ नाम :- .......................... नाम :- ...........................

कोड :- कोड :- कोड :-

मिति :- २०७८/ /